आ.व. २०८२-०८३

समयः- दिउँसो २ बजे

बैठक संख्याः१२

स्थानः गाउँ कार्यपालिकाको कार्यालय

आज मिति २०८२ साल चैत्र ०१ गते यस कुम्मायक गाउँपालिकाको अध्यक्ष श्री बम प्रसाद लावती ज्यूको अध्यक्षतमा कार्यपालिका बैठक बसी तपसिलको निर्णयहरु गरीयो।

उपस्थितिः

| क.स. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री बम प्रसाद लावती | अध्यक्ष | |
| २. | श्री महेन्द्र बहादुर खड्का | उपाध्यक्ष | |
| ३. | श्री अम्मर पौडेल | का.वा. वडा अध्यक्ष १ | |
| ४. | श्री बालकृष्ण सेर्मा | वडा अध्यक्ष २ | |
| ५. | श्री बाबुराम कार्की | वडा अध्यक्ष ३ | |
| ६. | श्री फगेन्द्र कुमार सम्बाहाम्फे | वडा अध्यक्ष ४ | |
| ७. | श्री निर्मलराज घिमिरे | वडा अध्यक्ष ५ | |
| ८. | श्री गंगा देवी बोहोरा | का.पा. सदस्य | |
| १०. | श्री ईन्द्रसरी विश्वकर्मा | का.पा. सदस्य | |
| ११. | श्री धनमाया तामाङ | का.पा. सदस्य | |
| १२ | श्री डिक बहादुर दर्जी | का.पा. सदस्य | |
| १३. | श्री लक्ष्मी नेपाली | का.पा. सदस्य | |
| १४. | श्री वेद माया चापागाई | का.पा. सदस्य | |
| १५. | श्री जय नारायण खनाल | प्र.प्र.अ. | |
| अन्य उपस्थित | | | |
| | [illegible] | प्रशासकीय अधिकृत | |
| | सुदिप पौडेल | सहायक [illegible] | |
| | बिपिन [illegible] | लेखा अधिकृत | |
| | रजत बुढाथोकी | सु.प्र. अधिकृत | |
| | | | |
| | | | |
| | | | |

प्रस्तावहरुः

१. सूचिकृत बेरोजगारहरु स्वीकृत गर्ने सम्बन्धमा।
२. राष्ट्रिय रोजगार प्रबर्द्धन कार्यक्रमको बजेट तथा योजना सम्बन्धमा।
३. योजना सञ्चालनका लागि आवश्यक कच्चा सामग्री (ढुङ्गा) ढुवानी गर्ने सम्बन्धमा।
४. सुरक्षा तथा निर्माण सामाग्री खरिद सम्बन्धमा।
५. कर्मचारी बैठकको निर्णय सम्बन्धमा
६. हिउँदे गाउँसभा संचालन गर्ने सम्बन्धमा
७. अस्पतालको औषधि खरिद गर्ने सम्बन्धमा
८. आयोजनाको म्याद थप गर्ने सम्बन्धमा
९. विविध

निर्णयहरुः

१. प्रस्ताव नं १ माथि छलफल गर्दा कुम्मायक गाउंपालिकामा आर्थिक वर्ष ०८२।०८३ मा **राष्ट्रिय रोजगार कार्यक्रम**का लागि प्रत्येक वडा कार्यालयमा रित पुर्वक आवेदन दिई वडा कार्यालयबाट सिफारिस भई E-MIS मा प्रविष्ट भएका **१०२२** जना बेरोजगार व्यक्तिहरुलाई कुम्मायक गाउँपालिका, रोजगार सेवा केन्द्र अन्तर्गत बेरोजगारहरुको सूचिमा सूचिकृत गर्न स्वीकृतीका लागि कुम्मायक गाउंपालिका रोजगार सेवा केन्द्र, स्थानीय कार्यक्रम कार्यान्वयन समितिको सिफारिस बमोजिम स्वीकृत गर्ने निर्णय गरीयो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.ब. २०८२/०८३ मा कुम्मायक गाउँपालिकामा राष्ट्रिय रोजगार प्रबर्द्धन कार्यक्रम सञ्चालनका लागि संघिय सशर्त, कुम्मायक गाउँपालिकाको साझेदारी तथा वडा कार्यालयको साझेदारी बजेटको सिमामा रहि वडा समिति मार्फत सिफारिस भई कुम्मायक गाउंपालिका रोजगार सेवा केन्द्र, स्थानीय कार्यक्रम कार्यान्वयन समितिको निर्णय अनुसार आएका तपशिल बमोजिमका योजना तथा बजेटलाई स्वीकृत गर्ने निर्णय गरियो।

तपशिलः

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **क्र सं** | **आयोजनाको नाम** | **वडा नं.** | **आयोजनामा संलग्न हुने बेरोजगार व्यक्तिको संख्या** | **योजनामा संलग्न हुनु पर्ने दिन** | **प्रतिव्यक्ति प्रतिदिन पाउने ज्याला दर** | **आयोजनाको लागि विनियोजित ज्याला** | **बजेट स्रोत** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | १ नं. वडाका बिभिन्न मोटरबाटो सोलिङ निर्माण योजना | १ | १५ | १०० | ७५४ | ११३१००० | संघिय शसर्त/ कुम्मायक गा.पा. |
| २ | वडा नं. २ सडक सोलिङ तथा मर्मत योजना | २ | १५ | १०० | ७५४ | ११३१००० | संघिय शसर्त/ कुम्मायक गा.पा. |
| ३ | वडा नं. ३ सडक सोलिङ तथा नालि निर्माण योजना | ३ | १५ | १०० | ७५४ | ११३१००० | संघिय शसर्त/ कुम्मायक गा.पा. |
| ४ | वडा नं. ४ शाखा बाटो नालि, सोलिङ तथा पदमार्ग योजना | ४ | १५ | १०० | ७५४ | ११३१००० | संघिय शसर्त/ कुम्मायक गा.पा. |
| ५ | फापरगैरी लोरिपा सडक सोलिङ निर्माण तथा मर्मत योजना | ५ | १५ | १०० | ७५४ | ११३१००० | संघिय शसर्त/ कुम्मायक गा.पा. |
| | | | ४ | ४९ | ७५४ | १४७७८४ | ५ नं वडा कार्यालय |
| | **कुल जम्मा ज्याला** | | ७५ | | | ५८०२७८४ | |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा कुम्मायक गाउँपालिकामा आ.ब. २०८२/०८३ मा राष्ट्रिय रोजगार प्रबर्द्धन कार्यक्रम मार्फत सञ्चालन हुने आयोजनाहरुको लागि आवश्यक कच्चा सामग्री (ढुङ्गा) ढुवानीका लागि गाउँपालिकाको साझेदारीबाट बिनियोजित बजेटबाट ५ (पाँच) वटै वडालाई समान रु १,१२८,००/- का दरले जम्मा रु ५,६४,०००/-(पाँच लाख चौसठ्ठि हजार) बजेट स्वीकृतीका लागि कुम्मायक गाउंपालिका रोजगार सेवा केन्द्र, स्थानीय कार्यक्रम कार्यान्वयन समितिको सिफारिस बमोजिम स्वीकृत गर्ने निर्णय गरीयो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा कुम्मायक गाउँपालिकामा आ.ब. २०८२/०८३ मा राष्ट्रिय रोजगार प्रबर्द्धन कार्यक्रम मार्फत सञ्चालन हुने आयोजनाहरुको लागि आवश्यक सूरक्षा तथा निर्माण सामग्री (हेलमेट, ग्लोबस, झम्पल, ह्यामर) खरिदका लागि गाउँपालिकाको साझेदारीबाट बिनियोजित बजेटबाट रु १,२५,०००/- (एक लाख पच्चिस हजार) बजेट स्विकृती गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा मिति २०८२/०९/२५ गतेको कुम्मायक गाउँपालिकामा कार्यरत कर्मचारीहरुको वैठक निर्णयको प्रति प्राप्त भयो। विगत आ.व देखि दिदैं आएको कर्मचारी आवास, सेवा सुविधा २०८२ साल चैत्र महिना देखि निरन्तरता दिने साथै अन्य मागहरु आगमी आ.वको बजेट तथा कार्यक्रम मार्फत सम्बोधन गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा कुम्मायक गाउँपालिकाको आ.व ०८२/८३ को हुउँदे गाउँ सभा मिति २०८२ साल चैत्र ११ गते कुम्मायक गाउँपालिकाको सभाहलमा संचालन गर्ने निर्णय गरियो।

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा कुम्मायक आधारभूत अस्पताल तथा आधारभूत स्वास्थ्य चौकीको लागि आवश्यक निशुल्क औपधि सार्वजनिक खरिद नियमवालीको नियम ८५ १(क) र ऐ ३ (ख) बमोजिक उत्पादकबाट कानुन बमोजिक शर्तहरु पूरा गरी सोझौ खरिद गर्ने निर्णय गरियो।

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा आ.व ०८२/८३ मा ठेक्का द्वरा कुम्मायक गाउँपालिकामा संचालित निम्न आयोजनाहरु निर्माणको क्रममा रहेको निर्माणको कार्य प्रगति सन्तोषजनक रेहको तर निर्माण कार्य तिप्ररुपमा हुँदा हुँदै पनि सम्झौता अवधिमा सम्पन्न नभएका आयोजनाहरु निर्माण व्यवसायीको माग बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ एंवम खरिद नियमवालीको नियम १२० बमोजिम निर्माण अवधि थप गर्ने निर्णय गरियो।

निम्न:

| क्र.सं | आयोजनाको नाम | म्याद थपको अवधि |
|---|---|---|
| १ | कविलाले ताम्राखु हात्तिपोखरी तमोर कोरिडोर सडक स्तरोन्नती क्रमागत योजना | ३ महिना |
| २ | सावाखोला धुवाखोला नदि नियन्त्रण कार्यक्रम | ३ महिना |
| ३ | जोखिम युक्त यासोक बजार पूर्वाधार निर्माण | १ महिना |
| ४ | पाँचथर जिल्ला कुम्मायक-३ लालेवर त्रिभुवन आ.वि हुँदै तमोर कोरीडोर जोड्ने खडक स्तरोन्नी मथिल्लो खण्ड | १ महिना |
| ५ | पाँचथर जिल्ला कुम्मायक-३ लालेवर त्रिभुवन आ.वि हुँदै तमोर कोरीडोर जोड्ने खडक स्तरोन्नी तल्लो खण्ड | १ महिना |

९. विविध

क) तङ्सुम तङ्नाम-५०८६ त्रिशाली पूजाको लागि त्रिशाली पूजा एवम् मेला मुल समारोह समिति २०८३ को माग बमोजिम २५ वटा राष्ट्रिय झण्डा हस्तान्तरण गर्ने तथा सडक बत्ती सम्बन्धित घरधनी र स्थानीय बासीहरुलाई आफ्नो घर र सडक वरपर राख्न कुम्मायक गाउँपालिका उद्योग वाणिज्य संघ आग्रह गर्न पत्राचार गर्ने निर्णय गरियो।

ख) वडा नं ३ निवासी जितमान लिम्बुको छोरा मकरधोज लिम्बुको हात खुट्टा सुन्निने तथा घाउ आएर खुट्टा बिग्रिएको भनि वडाबाट प्राप्त सिफारिस बमोजिम निजलाई औषधि उपचार खर्च वापत रु.२०,०००/- (बिस हजार) मात्र रकम उपलब्ध गराउने निर्णय गरियो।